# बालआश्रममा बालबालिकाहरुको सामाजिक अवस्था

(छहारी बालआश्रम र नयाँ नेपाल समाज केन्द्र, काठमाण्डौ-१०, संगमचोकको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विभागमा समाजशास्त्र विषयको स्नातकोत्तर तहका उपाधिको लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता

**रश्मी थापा**

**क्याम्पस रोल नं.: ८३/०६९**

**परीक्षा रोल नं.:४८०४९५/०७६**

**त्रि.वि.दर्ता नं.:९-२-४८-२२०५-२००९**



**त्रिभुवन विश्वविद्यालय**

**मानविकि तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र तथा ग्रामिण विकास विभाग**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**

२०७७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र संकाय, समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा रश्मी थापाद्वारा **"बालआश्रममा बालबालिकाहरुको सामाजिक अवस्था"**(**छहारी बालआश्रम र नयाँ नेपाल समाज केन्द्र, काठमाण्डौ-१०, संगमचोकको एक अध्ययन**) शीर्षकमा मेरो प्रत्यक्ष सुपरिवेक्षणमा तयार पारिएको शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिती समक्ष सिफारिस गर्दछु ।

..............................

रामचन्द्र बराल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७७/११/१८

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र संकाय, समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त छात्रा रश्मी थापाले यस विभागमा प्रस्तुत गर्नुभएको **“बालआश्रममा बालबालिकाहरुको सामाजिक अवस्था” (छहारी बालआश्रम र नयाँ नेपाल समाज केन्द्र, काठमाण्डौ-१०, संगमचोकको एक अध्ययन)**शीर्षकमा तयार पारिएको शोधपत्र मूल्याङ्कन समिती समक्ष पेश भई स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिती

....................
**रामचन्द्र बराल**
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारयण क्याम्पस, पोखरा

...................
**मुकुन्द लम्साल**
बाह्य परीक्षक
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

......................................
**प्रा.डा. विश्वकल्याण पराजुली**
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७७/११/२८

# कृतज्ञताज्ञापन

यस शोध पत्र त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिकशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र तथा मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नको निमित्त **"बालआश्रममा बालबालिकाहरुको सामाजिक अवस्था"** शीर्षक अन्तर्गत संगमचोक, काडमाण्डौले बालबालिकाको निमित्त गरेका प्रशंसनीय कार्यहरूको अध्ययन गरिएको छ ।

सोध अध्ययनको क्रममा मलाई कुशल नेतृत्व प्रदान गर्नुहुने मेरो शोधपत्र निर्देशक आदरणीय गुरु रामचन्द्र बराल प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यस शोध अध्ययनको हरेक पृष्ठ हेरी मेरा कमीकमजोरीहरू औंल्याई अमूल्य सुझाव दिनुहुने सम्पूर्ण गुरूप्रति कृतज्ञ छु । त्यस्तैगरी यस अध्ययनमा विशेष अभिभावकत्व प्रदान गर्नुहुने विभागिय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलिप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै सम्पूर्ण समाजशास्त्र विभागका आदरणीय गुरुहरू प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

लेखन कार्य सिलसिलामा तथ्याङ्क संकलन गर्न सहयोग, सुझाव एवम सल्लाह दिनुहुने नयाँ नेपाल समाज केन्द्रका सञ्चालक कृष्ण गुरुङ र छहारी बाल आश्रमका सञ्चालक मुना श्रेष्ठज्यू एवम सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दछु । तथ्याङ्क संकलनको क्रममा मैले सोधका प्रश्नहरूको जवाफ हँसिलो मुहारबाट व्यक्त गरिदिने उत्तरदाता भाइबहिनीहरू प्रति धन्यवाद व्यक्त गर्दछु साथै द्वितीय तथ्याङ्कको रूपमा तथ्याङ्क उपलब्ध गराउनुहुने विभिन्न संघसंस्था एवम व्यक्ति विशेष प्रति पनि विशेष धन्यवाद दिन चाहन्छु ।

शोध अध्ययनको लागि समय छुट्याई प्रत्येक पलमा ऊर्जा एवम हौसला प्रदान गरी प्रेरणादायी भूमिका निर्वाह गर्नुहुने मेरो जीवनसाथी इश्वर सिंह भण्डारी, बहिनी स्मारिका पौडेल प्रति गौरवान्तिक छु । मेरो कोरापाण्डुलिपिलाई कम्प्युटर टाइप गरी शोध अध्ययनलाई अन्तिम स्वरूप प्रदान गर्न सहयोग पुऱ्याउने "एभरेष्ट कम्प्युटर सेन्टर" पोखरा-१, बगर प्रति धन्यवाद व्यक्त गर्दछु ।

**रश्मी थापा**

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **सिफारिस पत्र** | **ii** |
| **स्वीकृति पत्र** | **iii** |
| **कृतज्ञताज्ञापन** | **iv** |
| **विषयसूची** | **v** |
| **तालिका सूची** | **viii** |
| **चित्र सूची** | **ix** |
| **शोधसार** | **x** |
| **अध्याय एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको उद्देश्य | ८ |
| १.४ अध्ययनको महत्व | ८ |
| १.५ अध्ययनको सीमा | ९ |
| १.६ संगठनात्मक ढाँचा | ९ |
| **अध्याय दुई :साहित्यको पुनरावलोकन** | **१०-२१** |
| २.१ बालबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि | १० |
| २.१.१ विश्वमा बालबालिकाको अवस्था | १० |
| २.१.२ नेपालमा बालबालिकाको अवस्था | १२ |
| २.१.३ नेपालमा बाल संरक्षण सम्बन्धी नीति | १३ |
| २.१.४ बालबालिकाको अवस्था | १४ |
| २.१.५ बालबालिका सम्बन्धी संरक्षण गर्ने संस्था एवम् निकाय | १४ |
| २.२ सैद्धान्तिक समीक्षा | १६ |
| २.२.१ बाल अधिकार सम्बन्धी सिद्धान्त | १६ |
| २.२.२ बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धी | १७ |
| २.३ पूर्व अध्ययनको समीक्षा | १८ |
| २.४ अवधारणागत खाँका | २१ |

**अध्याय तीन : अनुसन्धान विधि** **२२-२४**
३.१ अध्ययन क्षेत्र छनोटको औचित्य २२
३.२ अनुसन्धानको ढाँचा २२
३.३ समग्र र नमूना छनोट २२
३.४ तथ्याङ्कोस्रोत एवम प्रकृति २३
३.५ प्राथमिक तथ्याङ्क संकलन विधि २३
३.५.१प्रश्नावली अनुसूची २३
३.५.२ अवलोकन २३
३.५.३ मुख्य जानकार व्यक्तिसँग छलफल २४
३.६ तथ्याङ्कोविश्लेषण र प्रस्तुतीकरण २४
**अध्याय चार : अध्ययन क्षेत्रको परिचय एवम् अनाथ बालबालिकाको जनसाङ्ख्यकिय विवरण** **२५-३१**
४.१ अध्ययन क्षेत्रको परिचय २५
४.१.१ बालगृहमा गरिने कार्यक्रमहरू २५
४.१.२ बालगृहमा संरक्षित बालबालिकाको अवस्था २७
४.२ संरक्षित बालबालिकाको सामाजिक जनसांख्यिक विवरण २७
४.२.१ लिङ्ग २७
४.२.२ धर्म २८
४.२.३ जात/जातियता २९
४.२.४ कक्षा ३०
४.२.५ जन्मस्थान ३०
**अध्याय पाँच : आश्रित बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि** **३२-३८**
५.१ बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि ३२
५.१.१ बाआमा भए नभएको अवस्था ३२
५.१.२ आमा नभएको कारण ३३
५.१.३ बाबा नभएको कारण ३३
५.१.४ पारिवारीक आर्थिक स्थिति ३४
५.१.५ उत्तरदाता बालबालिकाको बाबाको पेशा ३५
५.१.६ आमाको पेशा ३६
५.१.७ बालबालिकाहरूले आफ्नो परिवार छाड्नुको कारण ३६

**अध्याय छ : बालबालिकाहरू बालगृह आउनुपूर्व र पश्चातको अवस्था** **३९-५०**
६.१ परिवारबाट अलग पश्चात आश्रय लिएको स्थान ३९
६.२ बालगृह आउनुपूर्वको क्रियाकलाप ४०
६.३ बालबालिकालाई बालगृहमा लाने सहयोगीहरू ४०
६.४ बालगृहमा बालबालिकालाई प्रदान गरिने सुविधाहरू ४१
६.५ आश्रित बालबालिकाहरू पढ्ने स्कुलको प्रकृति ४२
६.६ पढाईका साथसाथै अन्य अतिरिक्त क्रियाकलापहरू ४२
६.७ आश्रित बालबालिकाहरूको भविष्यको इच्छा बालगृह समक्ष प्रतिक्रिया ४३
६.८ संरक्षित बालबालिकाको बालगृह एवम सरकारलाई सुझाव ४४
६.९ अवलोकनबाट प्राप्त तथ्याङ्कहरू ४४
६.९.१ बालगृहको बाहिरी वस्तु स्थिति ४४
६.९.२ शिक्षा ४५
६.९.३ स्वास्थ्य/मनोरञ्जन/खेलकुद ४५
६.९.४ प्रतिभा प्रस्फुटन कार्यक्रम एवम बाहिरी संघसंस्थामा सहभागिता ४५
६.९.५ सामान्य खर्च विवरण एवम सामाजिकिकरण ४५
६.१० मुख्य जानकार व्यक्तिसँगको छलफल ४६
६.१०.१ संस्थाको परिचय र उद्देश्य ४६
६.१०.२ अनाथ बालबालिकाहरू प्रति संस्थाको धारणा ४६
६.१०.३ अनाथ बालबालिका बालगृहमा प्रवेश गर्ने प्रावधान ४७
६.१०.४ आश्रित बालबालिकाको पारिवारिक पृष्ठभूमि ४७
६.१०.५ बालबालिका अनाथ हुनुको कारण ४७
६.१०.६ बालबालिकाको निम्ति संस्थाको योगदान ४८
६.१०.७ संरक्षित बालबालिकाको खर्च स्रोत ४८
६.१०.८ बाल संरक्षण जस्तो जिम्मेवारी कार्य संलग्नतामा चासो एवम् सुझाव ४८
६.११ संरक्षित केही बालबालिकाहरूसँग लिइएका वैयक्तिक अध्ययन ४९
**अध्याय सात : सारांश र निष्कर्ष** **५१-५४**
७.१ सारांश ५१
७.२ निष्कर्ष ५३
*सन्दर्भसूची*
*अनुसूचीहरु*

# तालिका सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | उत्तरदाताको लिङ्गको अनुसार विवरण | २८ |
| ४.२ | उत्तरदाता बालबालिकाको धर्म अनुसार विवरण | २८ |
| ४.३ | उत्तरदाता बालबालिकाको जात अनुसार विवरण | २९ |
| ४.४ | उत्तरदाता बालबालिकाको कक्षा अनुसार विवरण | ३० |
| ४.५ | उत्तरदाता बालबालिकाका जन्मस्थान अनुसार विवरण | ३१ |
| ५.१ | उत्तरदाता बालबालिकाको बाबाआमाको अवस्था | ३२ |
| ५.२ | उत्तरदाता बालबालिकाको आमा नहुनुको कारण | ३३ |
| ५.३ | उत्तरदाता बालबालिकाको बाबा नहुनुको कारण | ३४ |
| ५.४ | उत्तरदाता बालबालिकाको बाबाले अपनाएको पेशा | ३५ |
| ५.५ | उत्तरदाता बालबालिकाको आमाले अपनाएको पेशा | ३६ |
| ५.६ | बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण | ३७ |
| ६.१ | परिवारबाट अलग पश्चात आश्रय लिएको स्थान | ३९ |
| ६.२ | बालगृह पूर्वको क्रियाकलाप | ४० |
| ६.३ | बालगृह लैजानेका निम्ति सहयोगीहरू | ४१ |
| ६.४ | बालगृहमा बालबालिकाले पाएका सुविधाहरूको विवरण | ४२ |
| ६.५ | संरक्षित गृहमा बालबालिकाहरूको निम्ति अतिरिक्त कार्य | ४३ |

# चित्र सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| २.१ | अवधारणागत खाँका | २१ |

# शोधसार

बालबालिका भन्नाले त्यस्तो उमेर समूहका व्यक्तिहरू हुन् जुन मानवीय जीवनको सुरुवातको अवस्था जसको प्रत्यक्ष रूपमा उसको बाबुआमासँग सम्बन्ध रहेको हुन्छ । ऊ वयस्क नभइन्जेलसम्म उसको सम्पूर्ण रेखदेख, जिम्मेवारी उसका बाबुआमा अर्थात नजिकका नातेदार हुन्छन् । नेपाल सरकारले १६ वर्ष भन्दा कम उमेरकालाई बालबालिकाको संज्ञा दिएको छ, तर अन्य राजनैतिक, वैवाहिक र प्रशासनिक कार्यवाहिमा भने १८ वर्ष भन्दा मुनिका उमेर समूहलाई बालबालिका भनि तोकेको पाइन्छ । त्यस्तैगरी "बालबालिकाको अधिकार सम्बन्धी सरोकार" नामक संस्थाले दिएको परिभाषा अनुसार १८ वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समूह जो शारीरिक, मानसिक एवम मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । "बालबालिकाहरूको बाँच्न पाउने नैसर्गिक अधिकार" भन्ने उद्घोषका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रूपले आवाज बुलन्द गरे तापनि विकसित मुलुकहरूमा प्राय : बच्चा जन्माउने चाहना नराख्ने भएकाले बच्चा भई हाले पनि बालबालिकालाई स्तनपानको अवस्था देखि वयस्क अवस्थासम्म सही लालनपालन नहुँदा बढ्दो आधुनिकता व्यवस्था, सानो सानो टकरावले सम्बन्ध विच्छेद जस्ता कारण बाबुआमा बालबालिकाहरू प्रति पूर्ण सम्पूर्ण भएको पाइदैन । धेरैजसो मुलुकहरूमा त १८ वर्ष नपुगिन्जेलसम्म उनीहरूको सम्पूर्ण जिम्मेवारी सरकारले

व्यहोर्ने गरेको पाइन्छ । कतिपय देशहरूमा अन्य विविध कारणले गर्दा बालबालिकाहरू अलपत्र हुन पुगेका छन् । तर अल्पविकसित, विकासोन्मुख मुलुकका भने अति गरिबीपन, राजनीतिक अस्थिरता, द्वन्द्वपिडित, भैपरी विपत्ती आदि कारणहरूबाट नै बढी बालबालीकाहरू असंरक्षित जीवन व्यति तगर्न बाध्य छन् । यिनै असंरक्षित बालबालिकामा आधारत रही यस्ता असंरक्षित बालबच्चाहरूलाई बालगृहमा संरक्षण दिन किन आवश्यक पऱ्यो ? कस्तो कस्तो समस्याका बाबजुत बच्चाहरू बालगृहमा आइपुग्छन् ? के कारणले गर्दा यस्ता असंरक्षित बालबच्चाहरूको वृद्धिदर बढ्दै गएको छ ? बालबालिकाको बालगृह आउनुपुर्व र पश्चातको अवस्था कस्तो रहेको छ ? भन्ने मुख्य समस्याहरूलाई केलाउनको निम्ति काठमाडौँ स्थित संगम टोलमा रहेको नयाँ नेपाल समाज केन्द्र र छहारी बाल आश्रममा आधारित रही मुख्य रूपमा आश्रीत बालबालिका अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु र बालबालिकाहरू सो गृहमा आउनुपूर्व एवम पश्चातको अवस्था पहिचान गर्नु उद्देश्य लिई यो अध्ययन गरिएको छ । मौलिकतामा आधारित रही वर्णनात्मक अनुसन्धान संरक्षित उद्देश्य हासिल गर्नका निम्ति तथ्याङ्कको प्रकृति अनुरूप प्राथमिक

तथ्याङ्कका विधिहरू मध्येका प्रमुख विधि अर्न्तवार्ता, अनुसूची र गौण रूपमा अवलोकन विधि, मुख्य जानकार व्यक्तिसँग छलफल गरी उद्देश्यमूलक नमूना छनोट विधिबाट छनोट गरिएको अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई समग्र अध्ययन, नमूना छनोट विधिबाट अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । यसरी संकलित कोरा तथ्याङ्कलाई वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकिकरण, विस्तृतीकरण गरी देखाइएको छ । तथ्यहरूको प्रकृति हेरी गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनमा अनाथ, बेसहारा, जनजाति, दलित समुदायका हिन्दु धर्म, क्रिश्चियन, बौद्ध धर्म मान्ने बालबालिकाहरू रहेको पाइन्छ । बालबालिकाहरू प्राय गरी असंरक्षित हुने भनेको मुख्य रूपमा आर्थिक स्थिति साह्रै नै कमजोर त्यसमा पनि बाबुआमा नहुँदा प्रत्यक्ष प्रभाव साना अबोला बालबालकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोही कतै नहुने हुँदा बाबाआमाको माया जस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी बाबाआमाको हिंसा, दैवि प्रकोप, बाबाआमाको कुकार्यले गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।

घरपरिवारबाट अलग एवम विपत्तिबाट आफ्ना परिवार गुमाए पश्चात बालबालिकाहरू सबैभन्दा बढी सडकमा नै जाने बाध्य हुने यस अध्ययनले देखाउँछ । आफन्तकोमा सहारा लिने बाँच्नको लागि बिहान बेलुकाको खाना टार्नको लागि घर या होटलमा बिना शुल्क काम गर्न पनि बाध्य भएको पाइन्छ भने चरम गरिबीका कारण आफ्नै बाबाआमाले सिधै बालगृह, घर या होटलमा कार्य गर्न पठाउने गरेको पाइन्छ । हाल बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नारा विश्वमा नै प्रसारित भई नेपालमा पनि यसको सरकारी तथा निजि क्षेत्रबाट कार्यान्वयन सुरु भएको पाइन्छ । त्यसमा पनि सामाजिक भावनाले खोलिएका सामाजिक संस्थाहरूबाट बढी मात्रामा बालबालिकाहरूको लागि संरक्षण एवम सम्वर्द्धन गरी उनीहरूको उचित आवास, शिक्षा, तालिम, रोजगारको व्यवस्था गर्नाले संरक्षित बालबालिकाहरू आफ्नो आश्रय पूर्वको दिनचर्यालाई सम्झी अन्य अलपत्र, अनाथ भएका बालबालिकाहरूलाई पनि निजि क्षेत्रका संघसंस्थाले, सरकारले पनि उनीहरूको संरक्षण, सम्वर्द्धन एवम रोजगारीको व्यवस्था गरिदिनुपर्ने तथ्य यस अध्ययनबाट पुष्टि हुन्छ ।